## धवलागिरी गाउँपालिका म्याग्दीद्वारा प्रकाशित


**धवलागिरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**मुना, म्याग्दी**


# धवलागिरी गाउँपालिकाको बजेट बक्तव्य, २०८२


**गाउँसभामा प्रस्तुत एवं पारित २०८२/०३/९**

**प्रकाशित मिति २०८२/३/१३**

**गाउँसभाका सभाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्य ज्यूहरु,**

नेपालको संघीय शासन प्रणाली अनुसार स्थानीय तहलाई सशक्त, स्वायत्त र जनउत्तरदायी बनाउने अभिप्रायका साथ सञ्चालन गरिएको शासन प्रणाली अन्तर्गत धवलागिरी गाउँपालिका चौविसौँ गाउँसभामा प्रवेश गरेको छ। नेपाली जनताको ऐतिहासिक संघर्ष, बलिदान र परिवर्तनको निष्कर्ष स्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा स्थानीय तहले जनताको आवश्यकता, आकांक्षा र विकासको नेतृत्व गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समतासहितको समानता र सम्मृद्धि हासिल गर्न, संघीय शासन प्रणाली कायम गर्न विभिन्न समयमा भएका अग्रगामी परिवर्तनको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। यस महत्वपूर्ण अवसरमा देशमा भएका विभिन्न आन्दोलनमा निरन्तर लागिरहने योद्धाहरुप्रति सम्मानका साथै मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सबलीकरणका लागि नेतृत्वदायी भूमिका खेल्नुहुने राजनैतिक शिखर व्यक्तित्व, अग्रज नेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

हाम्रो पालिकाले विविध राजनीतिक संक्रमण, प्राकृतिक चुनौतीहरू र सीमित स्रोतसाधनबीच पनि योजना, सेवा र विकास कार्यहरूलाई निरन्तरता दिँदै आएको छ। समावेशी विकास, सामाजिक न्याय, लघु उद्यम प्रवर्द्धन, स्वरोजगारका अवसर, शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि तथा वातावरणीय सन्तुलन जस्ता विविध क्षेत्रलाई समेट्ने गरी पालिकाको बजेट तथा कार्यक्रम निर्माण गरिएको छ।

हामीले यस बजेटमार्फत दीगो विकास लक्ष्य, नेपालको सोह्रौँ पञ्चवर्षीय योजना तथा गाउँपालिकाको गुरुयोजनालाई मार्गदर्शकका रूपमा लिँदै हाम्रा नागरिकको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने लक्ष्य लिएका छौं।

यस पृष्ठभूमिमा आधारित रही प्रस्तुत गरिने बजेट तथा कार्यक्रमले गाउँपालिकाभित्रको समृद्धि, सामाजिक समावेशीकरण, आर्थिक सशक्तीकरण र संस्थागत सुशासनमा योगदान पुऱ्याउने अपेक्षा लिएको छु।

**सभाध्यक्ष महोदय, सभाका सदस्य ज्यूहरु,**

१. हामी सार्वभौम जनताबाट निर्वाचित भए पछि यो चौथो बजेट प्रस्तुत गर्न गइरहेका छौँ। विगतमा बर्षहरुमा झै यस बर्षका गाउँपालिकाका कार्यक्रमहरु पनि समग्र धवलागिरीको समुन्तिमा केन्द्रित रहेका छन्। यो बर्षको कार्यक्रमले भौगोलिक विकट धवलागिरी गाउँपालिका भन्ने भ्रमलाई हटाएर पशुपालन, जल विद्युत, जडिबुटी, पर्यटन जस्ता कुराहरुमा समृद्ध गाउँपालिका निर्माण गर्नेमा म विश्वस्त छु।

२. "**शिक्षा, स्वास्थ्य कृषि, पर्यटन, पूर्वाधार र रोजगार : समृद्ध धवलागिरी निर्माणको आधार"** हाम्रो दीर्घकालीन सोच लिएर अगाडी बढिरहिको र यस बर्षका कार्यक्रमहरु समेत यिनै क्षेत्रको विकासमा केन्द्रित रहेको कुरा समेत सम्मानित सभा समक्ष व्यक्त गर्न चाहान्छु।

३. **लेखापरीक्षण प्रतिवेदनः-** गाउँपालिकाको गत आर्थिक वर्ष २०८०/८१ को आर्थिक श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण भई प्रतिवेदन प्राप्त भएको छ। बेरुजु औलाइएका विषयहरुलाई फर्छौट गर्ने कार्य भईरहेको छ। बेरुजु औलाइएका विषयहरुमा पुन : नदोहोरिने गरि कार्यक्रम तर्जुमा र कार्यान्वयन नीति अवलम्वन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म चालु आ.व.को २०८२ असार ८ गतेसम्मको वित्तीय समीक्षा प्रस्तुत गर्दछु ।**

४. **चालु आ.व.को २०८२ असार ८ गतेसम्म बयालीस करोड असी लाख अठ्सठ्ठी हजार पाँच सय सात दशमलब पाँच रुपैँया मात्र बास्तविक आय भएको छ । जुन प्रस्तावित आय सत्चालीस करोड चौसठ्ठी लाख अन्ठाउन्न हजार मात्रको ८९.८४ प्रतिशत रहेको छ ।**

५. **चालु तर्फ बीस करोड पचपन्न लाख पन्चान्बे हजार आठ सय पैँचालीस रुपैयाँ अठ्ठाइस पैसा मात्र खर्च भएको छ । जुन विनियोजित रकम तेत्तीस करोड छ लाख सतहत्तर हजार रुपैयाको ६२.१७ प्रतिशत रहेको छ ।**

६. **पूँजीतर्फ सात करोड एकाउन्न लाख अन्ठानब्बे हजार पाच सय अठ्ठाइस रुपैँया बत्तीस पैसा खर्च भएको छ । जुन विनियोजित रकम चौध करोड सन्ताउन्न लाख एकासी हजार रुपैँया को ५१.५८ प्रतिशत रहेको छ ।**

७. **आगामी वर्षको बजेटका उद्देश्यहरुः-**

क. सिपलाई श्रम, श्रमलाई उत्पादन, उत्पादनलाई बजारीकरण र बजारीकरणलाई समृद्धि तर्फ उन्मुख गराउने,

ख. प्रविधियुक्त शिक्षालाई बढुवा दिई शैक्षिक उपलब्धि बृद्धि गर्ने,

ग. स्थानीय सरकारको कार्यसम्पादन चुस्त दुरुस्त बनाइ सेवा प्रभावहलाई प्रविधि मैत्री बनाउने,

घ. समुन्नत धवलागिरी निर्माणका सम्भावित क्षेत्रहरु पर्यटन, कृषि, पशुपालन, जलविद्युत लगायतका क्षेत्रको विकास, संरक्षण र संवर्द्धन गर्ने,

ङ. स्वास्थ्य सेवालाई प्रभावकारी र सर्वसुलभ बनाउने,

च. कृषिमा रैथाने बालीको संरक्षण गर्दै आधुनिकीकरण तर्फ उन्मूख गराउने,

छ. विकासका पूर्वाधारहरु सबै टोल वस्तीमा पुर्याउने,

ज. स्थानिय सरकारलाई जनताको घरदैलोको सरकारको प्रत्याभूति दिलाउने,

**सभाध्यक्ष महोदय,**

८. नेपाल धर्मनिरपक्ष राष्ट्र भएर अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता तथा सन्धि सम्झौताहरु, दिगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य, नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालको सोह्रौँ योजनाको आधारपत्रले तोकेका प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आगामी आर्थिक वर्षका लागि संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, स्थानीय नागरिकको सुझाव, बस्ती, टोल, वडा, विषयगत समितिमा भएका छलफल र प्राथमिकता, गाउँ कार्यपालिकामा भएको साधन स्रोतको उपलब्धता तथा यस गाउँ कार्यपालिकाको आ.व.२०८२/८३ को पारित नीति तथा कार्यक्रम, स्रोह्रौँ पञ्चबर्षिय योजना लाई प्रमुख आधार मानी आगामी आर्थिक वर्षको बजेट निर्माण गरिएको छ।

**सभाध्यक्ष महोदय,**

९. अब म कार्यक्रम तथा बजेटमा समावेश गरिएका विषयगत क्षेत्रहरुअन्तर्गतका योजना तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाका प्रस्तुत चुनौती, उद्देश्य र प्राथमिकताको आधारमा रहेर **"शिक्षा स्वास्थ्य कृषि, पर्यटन, पूर्वाधार र**

**रोजगार : समृद्ध धवलागिरी समृद्धिको आधार"** भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्न धवलागिरी गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

सबल सक्षम र समुन्नत धवलागिरीको विकासका लागि आर्थिक विकास अपरिहार्य छ। आर्थिक विकासको मूख्य शीर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, वित्तीय क्षेत्र र सहकारी रहेका छन् । उपरोक्त क्षेत्रमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

क. **कृषिः** कृषि क्षेत्र आर्थिक विकासको प्रमुख आधार हो त्यसैले कृषि क्षेत्रलाई कुल ग्राहस्थ उत्पादनको प्रमुख आधारका रुपमा विकास गर्न कृषिको यान्त्रीकरण गरिनेछ । मौसमजन्य फलफुल तरकारीमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने गरि बीउ, विरुवा, टनेल लगायका सामग्री वितरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । कृषिको आकश्मिक रोग नियन्त्रणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । धवलागिरी गाउँपालिकामा जडिबुटीको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै जडिबुटी खेतीको सुरुवात गरिनेछ। जसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

ख. **पशु पंक्षि सेवाः** आकश्मिक रुपमा आउने रोगका कारण पशुपालनमा समस्या आइरेहेको अवस्थालाई मध्यनजर गर्दै आकस्मीक रोग निदानका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

ग. **सहकारी : धवलागिरी गाउँपालिकामा सञ्चालित सम्पूर्ण सहकारीहरुलाई कोपोमिसमा आवद्ध गरिनेछ। सहकारीहरुको नियमन र क्षमता विकासका लागि बजेट व्यवस्था गरेको छु।**

घ. **पर्यटन : धवलागिरी गाउँपालिका पर्यटन प्रचुर सम्भावना भएको गाउँपालिका हो । गाउँपालिकाका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्नेगरि जलजलामा पर्यटन महोत्सवको आयोजना गर्नका लागि रु तीस लाख रुपैँया मात्र बजेट विनीयोजन गरेको छु।**

**आर्थिक विकास तर्फ जम्मा बाउन्न लाख पाँच हजार रुपैँया मात्र विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,**

१०.**सामाजिक विकासः** सामाजिक विकासको मुख्य शीर्षकमा खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका र संस्कृति प्रवर्द्धनका कार्यक्रमहरु समेटिएका छन ।

क. **शिक्षाः**

- दिवा खाजामा थप गर्दै आइरहेको रु. ५ लाई निरन्तरता दिइनेछ । जसका लागि पन्ध्र लाख रुपैँया मात्र विनियोजन गरेको छ ।
- पढ्दै कमाउँदै कार्यक्रमलाई निरन्तरता दिएको छु।
- स्थानीय पाठ्यक्रम लेखन कार्यलाई पूर्णता दिइनेछ।

- विद्यालय तहका सबै मूल्याङ्कनलाई पालिका स्तरबाट संचालन गरिएको कार्यलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।
- शिक्षासँगै योग कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- विज्ञ समूह गठन गरि विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- शिक्षालाई प्रविधिमैत्री बनाउन शिक्षकहरुलाई ICT सम्बन्धी तालिम सञ्चालन गर्न बजेट व्यवस्थापन गरेको छ।
- विद्यार्थीमा लुकेर रहेको प्रतिभाको प्रस्फुटन गर्नका लागि अतिरिक्त क्रियाकलाप र प्रतिभा पहिचान सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।
- शैक्षिक सुधारमा अभिभावकको भूमिका महत्वपूर्ण हुने भएकोले अभिभावक सचेतीकरण कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
- आर्थिक रुपले विपन्न, अभिभावक विहिन वालवालिका, भौगोलिक हिसावले पढाइबाट बञ्चित भएका वालवालिकाहरुको शिक्षालाई निरन्तरता दिन श्री हेम माध्यमिक विद्यालयको आवासिय छात्रावासमा क्षमता विकास गरि विद्यार्थी व्यवस्थापन कार्यलाई निरन्तरता दिन गाउँपालिकाबाट रु बीस लाख रुपैँया विनियोजन गरेको छु।

ख. युवा तथा खेलकूद :

- खेलको विकास गर्नका लागि विविध खेलकूद कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि बजेट व्यवस्थापन गरिएको छ ।
- पर्यटन प्रवद्धन सँगै खेलकूदको विकास गर्नका लागि जलजला महोत्सवसँगै म्याराथन सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- देशमै बसरे केहि गर्न चाहने बेरोजगार युवाहरुलाई स्वरोजगार तर्फ उन्मुख गराउन सहुलियत ऋण प्रदान गरिनेछ। जसका लागि रु. पन्ध्र लाख रुपैँया मात्र विनयोजन गरेको छु।
- सिप भएर पनि प्रमाण पत्र नपाएर विभिन्न अवसरबाट वञ्चित युवाहरुलाई मध्यनजर गरि सिप परिक्षण तथा प्रमाणिकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग. **स्वास्थ्यः** धवलागिरी गाउँपालिकाका आम नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गरी एलोपेथिक र आयुर्बेदिक औषधी व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु। "दीर्घरोगीसँग अध्यक्ष कार्यक्रम" र " सुनौला हजार दिनका आमासँग उपाध्यक्ष कार्यक्रम" लाई निरन्तरता दिइएको छ । स्वास्थ्य संस्थाको डिजीटाइजेसनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। प्रसुति सेवालाई थप प्रभावकारी बनाउन प्रसुति गृहहरुको मर्मतका लागि बजेट व्यवस्था गरिएको छ। टोल टोलमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्न बजेट व्यवस्थापन गरिएको छ। मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ। "म स्वस्थ, मेरो सामुदायिक स्वास्थ्य" र मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन गरिनेछ।

घ. **खानेपानी तथा सरसफाइः**

- पर्यटकीय क्षेत्र जलजलामा खानेपानी र शौचालय निर्माण गर्नका लागि रु पन्ध्र लाख रुपैँया मात्र विनियोजन गरेको छु ।
- स्वच्छ खानेपानीको पहुँच सुनिश्चितताका लागि अन्य संस्था सँग गर्दै आएको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ । अन्य संस्था खानेपानी साझेदारी कार्यक्रमका लागि रु तीस लाख रुपैँया मात्र विनियोजन गरेको छु ।

ङ. महिला तथा वालवालिका :

- अपाङ्गता भएका व्यक्तिलाई आत्मनिर्भर बनाइ आय आर्जन गर्न सक्षम बनाइनेछ । जसका लागि बजेट व्यवस्था गरेको छु । बढ्दो बालविवाह न्यूनिकरण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

च. संस्कृति संरक्षण : धवलागिरी गाउँपालिका भित्र रहेका पुरातन संस्कृतिको संरक्षण गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ । पुरातन कला संस्कृति संरक्षण र अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । छन्त्याल जातिको वस्ती संरक्षण र छन्त्याल जातिको इतिहास लेखनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

छ. **लैङ्गिक समानता सामाजिक समावेशीकरणः** दलित, अपाङ्ग, जनजाति, महिला तथा वालवालिकाको क्षेत्रमा लक्षित वर्ग उन्मुख कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

**सामाजिक विकास तर्फ कुल तेइस करोड एक्काइस लाख नब्बे हजार रुपैँया विनियोजन गरिएको छ ।**

**सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,**

**११.पूर्वाधार विकासः**

- संघिय विशेष अनुदान अन्तर्गत मुनामा ढल निकासका लागि बजेट व्यवस्था गरिएको छ ।
- यस आर्थिक बर्षमा गुर्जा गाउँसम्म मोटरबाटो विस्तारको काम गरिनेछ । जसका लागि संघिय समपूरक अनुदान र गाउँपालिकाबाट कुल रु. एक करोड पचहत्तर लाख रुपैँया मात्र विनियोजन गरिएको छ ।
- सम्भावित पूर्वाधार विकासलाई अध्ययन अनुसन्धान गरि विकास गर्नका लागि डीपीआर र आइ इ इ गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।
- निर्माणाधिन गाउँपालकाको प्रशासकीय भवनको कार्यलाई पूर्णता दिनका लागि गाउँपालिकाको तर्फबाट रु एक करोड विनियोजन गरेको छु ।
- वडा नं. ५ को भेडिखाल्डालाई यस आ ब मा सडक सञ्जालसँग जोड्नका लागि रु. तीस लाख रुपैँया विनियोजन गरेको छु ।
- दरखोलामा बेलीब्रिज निर्माणका लागि संघिय र प्रदेश सरकार सँग सहकार्य गर्नेगरि रु पन्ध्र लाख रुपैँया मात्र विनियोजन गरेको छु ।

- खिवाङ – खाम्ला सडक पूर्णताका लागि रु. पन्ध्र लाख रुपैँया मात्र विनियोजन गरेको छु ।
- पहार ट्रष्टसँगको सहकार्यमा हेम माध्यमिक विद्यालयमा दश कोठे भवन निर्माणका लागि गाउँपालिकाको तर्फबाट रु पचास लाख रुपैँया विनयोजन गरेको छु ।
- गाउँपालिका भित्रका मोटरबाटोलाई बाह्रै महिना संचालन गर्नका लागि बाटो सरसफाइ शीर्षकमा रु एक करोड विनियोजन गरेको छु ।
- ताकम – मुना जोड्ने सडकलाई वैकल्पिक सडकको रुपमा विकास गर्न ताकम हिलापोखरी हुँदै मुना सडकलाई प्रदेश समपूरक योजना र गाउँपालिकाको तर्फबाट कुल रु एक करोड रकम विनियोजन भएको छ ।
- श्री जनजागृति माध्यमिक विद्यालयको भवन निर्माणका लागि प्रदेश विशेष मार्फत रु चालीस लाख रुपैँया मात्र विनियोजन भएको छ ।
- पालिका स्तरीय कभर्ड निर्माणका लागि रु पन्ध्र लाख रुपैँया विनियोजन गरेको छु ।

**पूर्वाधार विकास तर्फ कुल दश करोड पञ्चानब्बे लाख पचास हजार रुपैँया विनियोजन गरिएको छ ।**

**सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु,**

१२.**वन वातावरण तथा विपद् व्यवस्थापनः** यस क्षेत्रमा वन, वातावरण तथा विपद् व्यवस्थापन, राहात, उद्दार, पुनर्स्थापना, वातावरण संरक्षण र दिगो विकास लगायतका कार्यका लागि बजेट विनियोजन गरेको छु ।

**बन वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल बाउन्न लाख रुपैँया मात्र विनयोजन गरिएको छ ।**

१३.**संस्थागत विकास सेवा प्रवाह र सुशासनः**

क. गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधि मैत्री निर्माण गर्नका लागि कर्मचारीहरुलाई ICT सम्बन्धी क्षमता विकास तालिमका लागि आवश्यक व्यवस्था गरेको छु ।

ख. गाउँपालिकामा कार्यरत करार कर्मचारीको मनोवल उच्च बनाउन कर्मचारीलाई सामाजिक सुरक्षामा आवद्ध गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

ग. गाउँपालिकाको सेवा प्रवाहलाई इ गभर्नेन्समा आधारित बनाइनेछ ।

घ. सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन गाउँपालिको आवश्यकता अनुसार दरबन्दी कायम गर्न संगठन तथा व्यवस्थान सर्बेक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

ङ. गाउँपालिकाको कार्यसम्पादन जनतालाई जानकारी दिन साथै जनताको खबरदारी र सुझाव संकलन गर्न प्रत्येक चौमासिकमा सार्वजनिक सुनाइ सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । साथै सामाजिक परीक्षण, सार्वजनीक परीक्षण, लै स स अडिट जस्ता परीक्षणलाई निरन्तरता दिइनेछ ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ जम्मा एघार करोड चौतीस लाख एकसट्ठी हजार पाँच सय त्रिसट्ठी रुपैँया मात्र विनियोजन गरिएको छ ।**

**सभाध्यक्ष महोदय, गाउँसभाका सदस्य ज्यूहरु,**

**१४.** अब म आगामी आ.व. २०८२/०८३ मा गाउँपालिकाको अनुमानित आय प्रस्तुत गर्न चाहन्छु ।

| **क्र.सं.** | **स्रोत** | **अनुमानित रकम रु.** | |
|---|---|---|---|
| **१.** | **नेपाल सरकारबाट प्राप्त हुने** | | |
| | क. राजस्व बाँडफाँड | १०२११९५६३.०० | **दश करोड एक्काइस लाख उन्नाइस हजार पाँच सय त्रिसठ्ठी रुपैँया मात्र** |
| | ख. वित्तीय समानीकरण अनुदान | ९,१०,००,०००.०० | **नौं करोड दश लाख मात्र** |
| | ग. सशर्त अनुदान (चालु) | १९३२०००००.०० | **उन्नाइस करोड बत्तीस लाख रुपैँया मात्र** |
| | घ. शर्सत अनुदान (पूँजीगत) | ३३०००००.०० | **तेत्तीस लाख रुपैँया मात्र** |
| | ङ. विशेष अनुदान (पूँजीगत) | ६९०००००.०० | **उनानसत्तरी लाख रुपैँया मात्र** |
| | च. समपुरक अनुदान (पूँजीगत) | १४००००००.०० | **एक करोड  चालीस लाख रुपैँया मात्र** |
| | | | |
| **2** | **गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने** | | |
| | क. राजस्व बाँडफाँड (सवारी साधन कर) | ११०३२०००.०० | **एक करोड दश लाख बत्तीस हजार रुपैँया मात्र** |
| | ख. वित्तिय समानिकरण अनुदान | ९३५५०००.०० | **त्रियानब्बे लाख पचपन्न हजार रुपैँया मात्र** |
| | ग. विशेष अनुदान | ४००००००.०० | **चालीस लाख रुपैँया मात्र** |
| | घ. समपुरक अनुदान | ६००००००.०० | **साठी लाख रुपैँया मात्र** |
| | ङ. प्रदेश सर्शत अनुदान (चालु) | २०००००.०० | **दुई लाख रुपैँया मात्र** |
| **3.** | आन्तरिक आय | ४५०००००.०० | **पैँचालीस लाख रुपैँया मात्र** |
| **4.** | आ.व. २०८१/८२ को अन्त्यसम्म सञ्चित कोषमा रहने अनुमानित नगद मौज्दात | २००००००.०० | **दुई करोड रुपैँया मात्र** |
| | कुल जम्मा | ४६५६०६५६३.०० | **छयालीस करोड छपन्न लाख छ हजार पाँच सय त्रिसठ्ठी** |

**यसरी माथिका सबै शीर्षकबाट आगामी आर्थिक बर्ष २०८२/०८३ मा कुल छयालीस करोड छपन्न लाख छ हजार पाँच सय त्रिसठ्ठी रुपैँया मात्र कुल आय हुने अनुमान गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

१५.अब म आर्थिक वर्ष २०८२/०८३ को लागि राजस्व नीति  प्रस्तुत गर्न चाहान्छु ।

क. स्थानीय सरकारको क्षेत्रभित्रका करको दायरा फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

ख. गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतहरु रोडा, ढुङ्गा, गिटी, बालुवा, खनिज लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट सङ्कलन गरी बाँडफाँड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषको खातामा जम्मा हुने प्रावधानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

ग. धवलागिरी गाउँपालकाको जग्गा वर्गीरकण कार्य सम्पन्न भईसकेकोले उक्त वर्गिकृत जग्गाका कित्ताहरुलाई सुत्र प्रणालीमा एकिकृत गरि राजश्व प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ।

घ. आर्थिक रुपमा विपन्न, असहाय, प्रकोप पिडितलाई विपन्न छात्रवृत्ति, विपन्न नि:शुल्क उपचार सम्बन्धी सिफारिस दस्तुर छुट गरिनेछ ।

ङ. कर सम्बन्धी प्रस्तावको आर्थिक विधेयक, २०८२ र विनियोजनका लागि विनियोजन विधेयक, २०८२ यसै साथ प्रस्तुत गरेको छु। कर सम्बन्धी प्रस्ताव सम्वत् २०८२ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

१६. प्रस्तुत बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँसभाका सदस्यहरु ज्यूहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

१७. समृद्ध धवलागिरी निर्माणमा खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयमसेवक र राष्ट्रसेवक कर्मचारीको योगदानको उच्च प्रशंसा गर्दै जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, उद्योगी व्यवसायी आदि सबैलाई धन्यवाद दिदै निरन्तर सहयोगको अपेक्षा राख्दछु ।

१८.यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै मुलुक भित्र र बाहिर रहनुभएका सबै धवलागिरी वासीहरुमा समृद्ध धवलागिरी निर्माणको यस महाअभियानमा सहभागी हुन आव्हान गर्दछु ।

**धन्यवाद। जय धवलागिरी !**

रेशम पुन मगर
गाउँपालिका उपाध्यक्ष
गाउँपालिको सभाहल, मुना, म्याग्दी